वर्ष १७, अंक २४, चैत्र १६ देखि ३१, २०६५, पूर्णाङ्क ४०२

## न्यायाधीशहरूको राष्ट्रिय सम्मेलन सम्पन्न




**"जवाफदेही न्यायपालिका हाम्रो प्रतिवद्धता"** भन्ने नाराका साथ न्यायाधीशहरूको राष्ट्रिय सम्मेलन, २०६५ सम्पन्न भएको छ । सर्वोच्च अदालतदेखि जिल्ला अदालतसम्म र विशेष अदालत, श्रम अदालत तथा प्रशासकीय अदालतसमेतका न्यायाधीशहरूको दुई दिवसीय उक्त सम्मेलन २०६५ साल चैत १८ गते सम्माननीय प्रधानन्यायाधीश श्री केदारप्रसाद गिरीबाट पानसमा दीप प्रज्वलन गरी विधिवत रुपमा प्रारम्भ भएको थियो ।

सम्मेलनको उद्घाटन सत्रमा स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु हुँदै सर्वोच्च अदालतका रजिष्ट्रार डा. श्री रामकृष्ण तिमल्सेनाले २००८ सालदेखि २०६५ सालसम्म ५७ वर्षको इतिहासमा यो नै न्यायाधीशहरूको प्रथम वृहत सम्मेलन भएकोले यसको विशेष महत्व रहेको कुरा व्यक्त गर्नुभयो । सम्मेलनको उद्देश्यमाथि प्रकाश पार्दै न्यायपालिकासमेतले २१ औ शताब्दीका चुनौती सामना गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको सहयोग आवश्यक छ भन्नुभयो । सो अवसरमा न्यायिक स्वतन्त्रता, निष्पक्षता, जनमैत्री न्यायपालिकाको आवश्यकतालाई औंल्याउँदै राष्ट्र नयाँ संविधान निर्माणतर्फ उन्मूख भएको अवसरमा यो सम्मेलनले ठोस दिशा दिनसक्ने विश्वास व्यक्त गर्नुभयो । न्यायसम्पादनमा निष्पक्षता, न्यायपालिकामा योजनाबद्ध विकास, न्यायाधीशहरूको आचारसंहिता जस्ता मूलभूत विषयमा सम्मेलनले वृहत छलफल गर्ने कुरा व्यक्त गर्नुहुँदै न्यायाधीशको आचारसंहिता स्वतन्त्र र जवाफदेही न्यायपालिकाका नवीनतम् अवधारणासहितको मस्यौदा भएको कुराको चर्चा गर्नुभयो । नेपालको वर्तमान अवस्थाको चर्चा गर्दै संविधान लेख्ने होइन, बनाउने हो, त्यसको लागि संविधान परिपालन संस्कृति चाहिन्छ । संविधान लेख्नु मात्रै पर्याप्त हुँदैन, पालना गर्नु, गराउनुमा यसको सार्थकता हुन्छ भन्नुहुँदै सम्मेलनमा यी विषयमा छलफल हुनेछ भन्नुभयो । स्वतन्त्रता संस्थालाई मात्रै होइन यो सबै जनताको अधिकारसँग जोडिएको छ, जनताको आँखाबाट हेर्दा राज्य संयन्त्रका सबै निकायहरू जवाफदेही हुनुपर्दछ । अदालत

प्रत्यक्ष रुपमा संविधान र कानूनप्रति जवाफदेही हुन्छ भने परोक्ष रुपमा जनताप्रति जवाफदेही हुन्छ । स्वतन्त्र न्यायपालिकाका दुई पाटा न्याय सम्पादन र न्याय प्रशासन हुन् । नेपालमा मात्रै होइन संसारमै यी दुईवटा धारणालाई साथै लैजाने गरिएको छ । यी धारणाहरूलाई सफलीभूत पार्न पुराना कानूनबाट होइन नवीनतम् सिद्धान्त र कानूनका आधारमा अझ बढी स्वतन्त्र, अझ बढी निष्पक्ष न्यायपालिकाको लागि यस सम्मेलनले योगदान दिनेछ भन्दै सम्मेलनको सफलताको कामना व्यक्त गर्नुभयो ।

सम्मेलनमा उपस्थित सम्पूर्ण जिल्ला न्यायाधीशहरूको तर्फबाट नुवाकोट जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री मोहनकृष्ण खनालले इतिहासमा पहिलो पटक यस प्रकारको सम्मेलन भएको, राष्ट्र नयाँ परिवर्तनतर्फ फड्को मार्न लागेको अवसरमा भएको यो सम्मेलनले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । जुनसुकै व्यवस्थामा पनि जनताको अधिकारको रक्षा गर्न न्यायपालिका अत्यावश्यक छ, न्यायपालिकाले जनताको अधिकार रक्षाको लागि महत्वपूर्ण योगदान दिएको छ । तसर्थ स्वतन्त्र, सक्षम र निर्भीक न्यायपालिका वर्तमान समयको अति चासोको विषय हो । न्यायालयका साझेदारहरूका सम्बन्धमा चर्चा गर्दै वेञ्च र बारबीचको सुमधुर सम्बन्ध नभई स्वतन्त्र न्यायपालिका कायम नहुने हुँदा बारको भूमिका आवश्यक मात्रै होइन, अनिवार्य छ भन्नुभयो । यस सम्मेलनमा पेश हुने कार्यपत्र र सोका विषयवस्तुका वारेमा गहन छलफल भई ठोस मार्गदर्शन प्राप्त हुनेछ भन्नु हुँदै यस सम्मेलनबाट न्यायमा सहज पहुँच, न्यायिक गुनासा र कार्य वातावरण निर्माणमा समसामयिक सुधार हुने जस्ता कुरामा भरोसा गर्न सकिन्छ । न्याय प्रणाली कमजोर पारिएमा राज्य लोकतान्त्रिक हुन सक्तैन तथा न्यायपालिकाप्रतिको अनुचित टीकाटिप्पणीले लोकतन्त्रलाई समेत मद्दत गर्दैन भन्ने सन्देश प्रवाह गर्न यो सम्मेलन सफल हुनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।



न्यायाधीशहरुको पहिलो राष्ट्रिय सम्मेलन, २०६५ समुद्घाटन गर्नु हुँदै सम्माननीय प्रधानन्यायाधीश श्री केदारप्रसाद गिरी

नेपाल बार एशोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री विश्वकान्त मैनालीले केही दिन पहिले सम्पन्न बार एशोसिएसनको सम्मेलनपछि लगतै हुन गइरहेको यो सम्मेलन आफैमा महत्वपूर्ण रहेकाले समग्र बारसमेतको तर्फबाट सफलताको शुभकामना व्यक्त गर्नुभयो । उहाँले सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनको वाक्यांशलाई उधृत गर्दै न्यायमा सहज पहुँच, काम कारवाहीमा छिटोछरितो, स्वच्छता र पारदर्शिताजस्ता मापदण्डसँग जोडेर न्यायपालिकालाई हेर्नुपर्दछ, यिनै उद्देश्य प्राप्ति

नै बारलगायत अदालतको कर्तव्य हो भन्नुभयो । न्यायपालिकाको जवाफदेही र उत्तरदायित्व जनताप्रति भनी अमूर्त कुरा गरेर हुँदैन । समर्थन र विरोध दुबै जनताले गर्दछन । त्यसैले न्यायपालिकाको दायित्व संविधान र कानूनप्रति हुन्छ । खराब कानून बनाए त्यसको प्रतिफल जनताले भोग्दछन् । समयको गतिशीलताको कारण आजको सोचाईले भोलिको पुस्तालाई बाँध्न सक्दैन । त्यसैले कानूनको उदार व्याख्या गर्नु नै अदालत जनताप्रति उत्तरदायी हुनु हो । त्योबाहेक अदालतको अरु अमूर्त उत्तरदायित्व हुन सक्तैन । ऐतिहासिककालदेखि नै पिछडिएको वर्गलाई समानता र न्याय प्रदान गर्न पनि न्यायपालिकाले भूमिका खेल्नुपरेको छ । वास्तवमा निरकुंशता र उदार व्यवस्थामा पनि न्यायपालिका नै चाहिन्छ । कार्यपालिका राजनीतिक दल जस्ता छन् र मुलुक पनि भविष्यमा त्यस्तै हुन्छ । न्यायपालिका राज्यको अरु अंगभन्दा दुई पुस्ता पछाडि हुन्छ । तसर्थ समयको गतिशिलतालाई समयमै नबुझे अझ त्योभन्दा पनि पछाडि पर्दछ । न्यायपालिकाले आफूभित्रका कमी कमजोरी कसैले औंल्याउँन खोज्दा कमजोर बनाउन खोज्यो भन्ने मानसिकता त्याग्नु जरुरी छ । नत्र कहिल्यै सुधार हुन सक्तैन । रोगको पहिचान र निदानको प्रक्रिया कानूनसम्मत छ भने त्यसमा आपत्ति प्रकट गर्नु पनि हुँदैन । रोग निदानको प्रक्रिया र विधि भने कानूनसम्मत हुनैपर्दछ । त्यो विभेद छुट्टयाइनु पर्छ । सुधारका विधिवत प्रक्रियालाई प्रोत्साहन दिनैपर्दछ । आफूलाई चित्त नबुझ्दा उपचार पाउने विधि त्यही प्रणालीभित्र नै हुने हुँदा न्यायपालिकाका समस्या समाधान पनि विधिवत रुपमा हुनुपर्दछ । राज्यले निर्माण गरेको कानून कार्यान्वयनको जिम्मा लिएको न्यायपालिकाप्रति बार पनि उत्तिकै जिम्मेवार छ । नेपालभर बढी सञ्जाल भएको नागरिक समाज नेपाल बार एशोसिएशन नै हो । न्यायपालिकाप्रति वाञ्छित जनआस्था भने कमजोर रहेको बारको सांगठनिक सञ्जालबाट थाहा भएको छ । यस्तो अवस्था किन भयो भन्नेमा यस सम्मेलनले ठोस निष्कर्ष निकाल्न सकोस् भन्ने शुभकामना दिनु हुँदै नेपाल बारको प्रयत्न पनि न्यायपालिका राम्रो बनाउने भन्ने नै छ । बारका सदस्य पनि सबै राम्रा छन् भन्ने होइन । त्यसैले जबसम्म न्यायपालिकामा इमानदार र दक्ष जनशक्तिको पहुँच हुँदैन तबसम्म जनआस्था बढ्न सक्तैन । समावेशी राज अहिलेको आवश्यकता भए पनि न्यायपालिकामा अरु निकायमा जस्तो सहजै समावेशीकरण गर्न सकिँदैन । तर यस पक्षलाई पूरै वेवास्ता गरी न्यायाधीश नियुक्ति गर्नु पनि हुदैन । समावेशीको नाममा स्थानीय तहको राज्यले आफ्नै न्यायाधीश खोज्ने सम्भावना हुन्छ । तसर्थ हाम्रो मान्छेभन्दा पनि राम्रो मान्छे हुनुपर्छ । अन्यथा न्यायको बदला अन्याय हुदैन भन्न सकिँदैन । न्यायिक भ्रष्टाचारमा कारवाही गर्ने कानून छैन । त्यसैले बार र बेञ्चबीच भएको पूर्व सहमतिबमोजिम कारवाही गर्ने व्यवस्था कानूनमा राख्नुपर्ने तर्फ पनि सम्मेलनको ध्यान जानेछ । कानून व्यवसायी प्रति पनि कारवाही गर्न कानून व्यवसायी परिषद् र नेपाल बार एशोसिएशन जस्तोसुकै कारवाही गर्न प्रतिबद्ध हुनुपर्छ । न्यायपालिका र कानून व्यवसायीबाहेकको अर्को अंगबाट न्यायपालिकामा प्रवेश गराउनु हुँदैन भन्नेमा बार कटिबद्ध छ । अन्याय, अत्याचार र हिंसारहित समाज आजको आवश्यकता हो जो

स्वतन्त्र न्यायपालिकाबिना सम्भव छैन भन्नु हुँदैं जुनसुकै सरकारले पनि आफूप्रति प्रतिबद्ध न्यायपालिका चाहन्छ, तर न्यायिक नेतृत्वले त्यसबाट आफ्नो संस्थालाई जोगाउन सक्नु पर्दछ । स्वतन्त्र न्यायपालिकाको पक्षमा पहरेदार सिपाही भई विकृति र विसंगतिका विरुद्ध विद्रोहीको जस्तो भूमिका बारले खेल्नेछ । त्यसैले विद्रोही र कठोर भूमिका खेल्ने अवस्था आउन नदिनु नै श्रेयष्कर हुनेछ भन्नुभयो ।

शुभकामना व्यक्त गर्दैं पुनरावेदन अदालत पाटनका माननीय मुख्य न्यायाधीश श्री वैद्यनाथ उपाध्यायले हाम्रै विषयमा सम्मेलन गरौं भन्ने आवश्यकताबोध गरी यो वृहत सम्मेलन आयोजना भएको हो । हामी न्यायाधीशहरू कोही आशावादी कोही निराशावादी हुनसक्छौं । तर छलफलका विषयहरू पनि सान्दर्भिक भएको हुँदा सबै पक्षमा छलफल हुनुपर्दछ भन्नुभयो । उहाँले न्यायिक स्वतन्त्रता हुनुपर्ने सम्बन्धमा कसैको दुईमत छैन परन्तु स्वतन्त्रता भनेको स्वच्छन्दता होइन । त्यसैले न्यायाधीशहरूको आचारसंहिताको आवश्यकता महसुस गरिएको हो । न्यायपालिकाको विषयमा रणनीतिक योजना सान्दर्भिक भएपनि उत्साहपूर्वक कार्यान्वयन भएन जस्तो लाग्दछ । यसका केही पक्षमा सुधार गर्न सकिन्छ । यसका लागि नेतृत्वपंक्ति प्रतिवद्ध हुनैपर्छ । न्यायाधीश नियुक्तिमा बार र अदालतले कुस्ती खेल्नु हुँदैन । त्यसबाट असल मान्छे बाहिरिन्छन् र न्यायाधीश नियुक्तिको कारणले गर्दा मनोबल गिरेका न्यायाधीशको पक्षमा ध्यान दिन सकिएको छैन । यसका लागि बार र अदालतको नेतृत्व संवेदनशील बन्नै पर्दछ । यो सम्मेलनले यस सम्बन्धमा ठोस निष्कर्ष निकाल्नै पर्दछ । बार र न्यायपालिकाको प्रतिवद्धताबिना कुनै पनि कार्यक्रम सफल हुन सक्तैन भन्दै यस सम्मेलनको सफलताको कामना गर्नुभयो ।

महान्यायाधिवक्ता श्री राघवलाल वैद्यले “जवाफदेही न्यायपालिका हाम्रो प्रतिवद्धता” को मूलमन्त्रसहितको यस सम्मेलनको सफलताको लागि शुभकामना छ भन्नुभयो । न्यायकर्मीहरू सभ्य चैतन्यका संवाहक र न्यायालय त्यसको संस्था हो । यसले थुप्रै महत्वकांक्षी र तानाशाहलाई तह लगाएको छ । न्यायपालिका दासहरूको संस्था पक्कै पनि होइन । आत्मसम्मान, इमानदारीको व्यापक क्षितिज ओगट्ने व्यक्तिको संस्था भएकाले यस मान्यताप्रति हामी कति सचेत छौं भन्ने कुराले नै न्यायपालिकाको गरिमा जोगिन सक्तछ । आत्मनिरीक्षण र आत्मालोचनाले सबैलाई परिष्कृत बनाउँछ । कतै हामीलाई यिनै कमजोरीले नचिनेका कारणले समस्या देखिएको हो कि ? सम्मेलनले त्यसप्रति ठोस निष्कर्ष निकाल्न सकोस् भन्नु हुँदै संविधान र कानून न्यायाधीशका वैशाखी हुन् । राष्ट्रको गन्तव्यको सहयात्रा नै न्यायालयको लोकतान्त्रीकरणको सहयात्रा हो । यसमा सबै सहभागी बनौं । अदालतले नयाँ सभ्यता र यात्राको दिशाबोध गराउँदछ । असमझदारी र वैमनस्यताको खाडललाई स्वतन्त्रताले पुर्ने गर्दछ । अदालत नयाँ यात्रामा सहभागी बन्नु पर्दछ भन्नुमात्रै पर्याप्त हुँदैन, तर यसको स्वतन्त्रतालाई कुनै हालतमा सम्झौता गर्नु हुँदैन । संविधानका अक्षर हेरेर अदालतले आफ्नो अधिकार खोज्नुपर्ने स्थिति आउनु हुँदैन । यस सम्मेलनबाट न्यायपालिकाले गन्तव्य पहिल्याउन सकोस । अदालतका काम कारवाहीबाट अदालतका प्रयोगकर्तामा निरासा

र आशा दुबै उत्पन्न हुन्छन् । तर निराशालाई वेवास्ता गर्दै जानु घातक हुन्छ । न्याय खोज्नका लागि वैधानिक मार्गबाहेक अन्य मार्गहरू बन्द गरिनुपर्दछ । अदालतको रथ न्यायाधीश, सरकारी वकील र कानून व्यवसायी समेत गरी तीन पाङग्राले अडेको छ । सफलता प्राप्तिको याचनासहित शुभकामना भन्दै आफ्नो मन्तव्य व्यक्त गर्नुभयो ।

माननीय कानून, न्याय तथा संविधानसभा व्यवस्था मन्त्री श्री देवप्रसाद गुरुङले सम्मेलनको सफलताको कामना व्यक्त गर्दै संक्रमणकालीन मोडमा मुलुक गुज्रिरहेको अवस्थामा यस सम्मेलनले न्यायाधीशका अनुभवसहितको निष्कर्ष र राय संविधान निर्माण प्रक्रियाका समावेश हुने गरी सुझाव प्रस्तुत गर्नेछ भन्ने कुरा व्यक्त गर्नुभयो । उहाँले मौलिक हक र मानवअधिकारको संरक्षणस्थल हो न्यायालय । त्यसैले यसको स्वतन्त्रताप्रति कसैको शंका रहदैन । कानूनी राज र लोकतन्त्रमा स्वतन्त्र न्यायपालिका अत्यावश्यक अङ्ग हो । सामन्तवादको प्रताडनाबाट समाजलाई मुक्त गरी परिवर्तनलाई आत्मसात गर्न नयाँ संविधान निर्माण र राज्यको पुनसंरचना अत्यावश्यक छ । न्याय क्षेत्रमा पनि पुनसंरचना आवश्यक छ । विगतको संरचनाको न्यायालयबाट जनअपेक्षाअनुरुप न्याय प्राप्त हुन सकेको थिएन । न्यायालयको पुनसंरचना सहितको विषयमा राय सुझाव यस सम्मेलनवाट आउनेछ भन्ने विश्वास व्यक्त गर्नु भयो । न्याय क्षेत्रलाई जनताले चाहेअनुरुप न्याय प्रदान गर्ने प्रणालीको रुपमा विकसित गर्न जटिल कार्यविधि कानूनहरू र ढिलासुस्ती छ भन्नुभयो । न्यायाधीशहरू आर्थिक आचरणप्रति पनि सचेत हुनु आवश्यक छ । राज्यका प्रमुख अंगको रुपमा न्यायपालिका रहेको हुँदा अन्य अंगहरू संगसंगै न्यायपालिका हिडनु जरुरी छ । सवैसँगको समन्वय र समझदारी प्रमुख कुरा हो । जनताप्रतिको जिम्मेवारी न्यायालयको मूल उद्देश्य हुनुपर्दछ । न्यायपालिकाको स्वतन्त्रता निरपेक्ष रुपमा हुन सक्तैन । परिवर्तनको तथ्यलाई एकातिर पन्छाई स्वतन्त्रता कायम रहन सक्तैन । जवाफदेहिता र उत्तरदायित्वलाई विधि र जनताप्रति लक्षित गर्नु जरुरी छ । संविधान र त्यसका विषयहरूलाई पूरै वेवास्ता गरी संक्रमणकालीन न्यायपालिका चल्न सक्तैन । त्यसैगरी विषयहरूको विशिष्ठीकरण आजको आवश्यकता हो भन्नु हुँदै अग्रगामी रुपान्तरण र परिवर्तनलाई न्यायालयले केन्द्रविन्दुमा राख्नु पर्दछ । यसका लागि विकेन्द्रीकृत न्याय प्रणाली आजको आवश्यकता हो । पवित्र, स्वच्छ र निष्पक्ष न्यायपालिकाप्रति सबैको साझा चासो रहेको छ यसलाई न्यायालयले गम्भीर रुपमा हेर्नुपर्दछ । संक्रमणकालमा हुने उतार चढाव सामान्य अवस्थामा जस्तो हुँदैन । यसलाई व्यवस्थित गर्ने भन्ने तर्फ पनि न्यायपालिका सचेत हुनुपर्दछ भन्नुभयो । उहाँले अदालतका आदेश र फैसलाको पालना गर्न सरकार सहयोगी भै तत्पर रहनेछ भन्दै नेपाल सरकारको तर्फबाट सम्मेलनको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

प्रमुख अतिथि सम्माननीय प्रधानन्यायाधीश श्री केदारप्रसाद गिरीज्यूले उद्घाटन मन्तव्य राख्नुहुदैं पहिलो पटक आयोजित राष्ट्रिय सम्मेलन भएको जानकारी दिनुभयो । स्वतन्त्र न्यायपालिकाका आधारभूत मान्यताप्रति कतिपय क्षेत्रमा न्यायाधीशको पद रिक्तता, असुरक्षा हुँदा हुँदै पनि न्यायपालिकाले

कार्य गर्दै आएको कुरा व्यक्त गर्नुभयो । सो सर्न्दभमा सम्माननीयज्यूले दिनु भएको लिखित मन्तव्यको पूर्ण विवरण यस प्रकार छः

यस समारोहका अध्यक्ष महोदय,
माननीय कानून मन्त्रीज्यू,
सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरु
न्यायपरिषदका माननीय सदस्यज्यूहरु,
महान्यायाधिवक्ताज्यू,
पत्रकार बन्धुहरु,
उपस्थित महानुभावहरु !

नेपालमा पहिलो पटक आयोजना भएको देशभरिका न्यायाधीशहरुको राष्ट्रिय सम्मेलनमा आफ्ना भनाइ राख्न पाउँदा असाध्य हर्ष लागेको छ ।

यो सम्मेलन यस्तो समयमा भैरहेको छ, जतिवेला स्वतन्त्र न्यायपालिकाको आधारभूत अवधारणाप्रति कतिपय क्षेत्रमा बेवास्ता भै विपलनपूर्ण विचलनपूर्ण व्यवहार देखिएको छ, स्वतन्त्र न्यायपालिकाका मर्महरुको संवैधानिक प्रत्याभूति हुन सकेको छैन, न्यायिक जनशक्तिले अति कमजोर सुरक्षा स्थिति बीच कार्य गर्नु परेको छ, संक्रमणकालीन अवस्थाका कारण उत्पन्न जटील र नौला विवादहरुमा न्यायपालिकाले निर्णय दिनु परेको छन्, ठूलो संख्यामा न्यायिक पदहरु रिक्त रहेको अवस्था छ, न्यायका उपयोगकर्ताहरुलाई समयमा प्रभावकारी न्याय प्रदान गर्न सकिएको छैन । न्याय प्रशासनमा देखिएका यस्ता कमजोरीहरु न्यायकर्मीहरुको इमानदारिता, दक्षता र ज्ञानका कमीले भएका हुन वा यसमा कानूनी, आर्थिक, संस्थागत अपर्याप्तता एवं प्रतिकूल कार्य वातावरणले कार्य गरेको छ भन्ने प्रश्न हाम्रा सामु छ ।

हाम्रा अध्ययन र अनुभवका आधारमा न्यायपालिकाको स्वतन्त्रता कायम राख्ने सम्वन्धमा न्यायकर्मीहरुले विभिन्न अवसरमा राज्य संयन्त्रलाई सुझावहरु प्रस्तुत गरेपनि त्यसमा त्यति ध्यान पुग्न नसकेको महसूस हामी सवैलाई भएको छ । अव संविधान संघियतामा आधारित हुने भएकोले त्यस्तो प्रणालीमा न्यायपालिकाको जिम्मेवारी अझ गहन र जटील हुने सन्दर्भलाई समेत मध्यनजर राखी आगामि न्यायिक संरचना तयार हुनुपर्ने हुँदा स्वतन्त्र न्यायपालिकाप्रतिको हाम्रो सरोकार अहिले पनि उत्तिकै छ ।

स्वतन्त्र न्यायपालिकाको साथमा जिम्मेवार न्यायपालिकाको प्रसँग पनि आउँछ । तर न्यायपालिकाको स्वतन्त्रता कटौती गरेर यसलाई जिम्मेवार बनाउन सकिन्छ भन्ने भ्रम कतिपय व्यक्तिमा रहेको पाइएको छ । न्यायपालिकाको स्वतन्त्रताको सम्वर्द्धन न्यायपालिका वा न्यायाधीशको स्वार्थका लागि होइन भन्ने सबैले बुझ्नु जरुरी छ ।

इमानदारिता न्यायधीशको पहिलो र अनिवार्य गुण भएकोले यसको अभावमा न्याय न निस्पक्ष हुन्छ, न स्वच्छ । इमानदारिताबाट नै न्यायाधीशले आफ्नो बचाउका साथै प्रभावकारी न्याय सम्पादन गर्न सक्दछ । एकाध न्यायाधीशको इमानदारितामा शंका देखिएमा सम्पूर्ण न्यायपालिकामाथि आक्षेप आउने र न्यायको मर्ममा आघात पर्ने तथ्यप्रति हामीहरु सजग रहनु आवश्यक छ ।

न्यायाधीशहरु आफ्नो आचरणमा रहन नसकेको भन्ने आक्षेप पनि सुनिने गरेको छ । यो विषय नियमबाट भन्दा बढी विवेकबाट नियन्त्रण हुने भएकोले सिङ्गो न्यायपालिकाको मर्यादासँग आफ्नो आचरण गाँसिएको यथार्थलाई न्यायाधीशहरुले गम्भीर रुपमा लिनु जरुरी छ । यस विषयमा न्यायपरिषदले पनि संबेदनशील भएर कार्य गर्न शुरु गरेको छ । यहाँ हुने छलफलबाट परिषदलाई पनि नीति तयार गर्न सजिलो पर्ने ठानेको छु ।

हामीले निश्चित समयावधि भित्र गर्न सक्ने कार्यहरुको प्रतिवद्धता र कार्यक्रम रणनीतिक

योजना मार्फत सार्वजनिक गऱ्यौं । यस योजनाले हामीहरुलाई निश्चित कार्य दिशा दिएको छ र यसै मार्फत कतिपय भौतिक संरचनाहरुको विकास र न्यायलाई सरल र छिटो बनाउन पनि सकेका छौं । तर विभिन्न कारणले गर्दा लक्ष्य अनुसार कार्य हुन सकेको छैन । अब छिट्टै पहिलो रणनीतिक योजनाको अवधि समाप्त हुँदैछ । नयाँ योजनाको तयारी गर्न ढीलो भैसकेको छ । पहिलो योजनाबाट हामीले धेरै कुरा सिकेका छौं । योजना कार्यान्वयनका सन्दर्भमा यहाँहरुले धेरै अनुभव हासिल गर्नु भएको छ । यस विषयमा यहाँ हुने छलफलमा यहाँहरुको विशेष सुझाव आउने छ भन्ने मलाई विश्वास छ ।

अन्त्यमा, मलाई यहाँ प्रदान भएको समय, अवसर र आतिथ्यको लागि आयोजकलाई धन्यवाद दिन चाहन्छु र सम्मेलनको सफलताको लागि कामना गर्दछु ।

धन्यवाद !

उद्घाटन सत्रको अध्यक्षता गर्नु हुने सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री मीनवहादुर रायमाझीले २०३२ सालमा न्यायाधीशहरूको क्षेत्रीय सम्मेलन शुरु भएको मा २०४६ सालपश्चात् निरन्तरता दिन सकिएन भन्नुभयो । राष्ट्रिय सम्मेलनको कार्य २०६२ सालमा आयोजना गर्ने लक्ष्य रहेकोमा सो पनि गर्न नसकिएको तर आज भएपनि यो सम्मेलन आयोजना हुन सकेकोमा सन्तोष व्यक्त गर्नुभयो । उहाँले न्यायपालिकाको आवश्यक सुधार र विकासका लागि क्षेत्रीय सम्मेलन प्रत्येक वर्ष र राष्ट्रियसम्मेलन ३/३ वर्षमा हुन आवश्यक छ भन्नुभयो । समय सीमाको हिसावले यस सम्मेलनमा छलफलका लागि धेरै विषय राख्न नसकिएको जानकारी पनि उहाँले गराउनु भएको थियो । अहिलेको संक्रमणकाल न्यायपालिकाको लागि अवसर र चुनौती दुवै हो, लोकतन्त्रको सारभूत तत्व कानूनको शासन हो, स्वतन्त्र न्यायपालिका, न्यायालय र न्यायाधीशको लागि नभै जनताको लागि आवश्यक कुरा हो भन्नुभयो । न्यायालयको योजनावद्ध विकासको थालनी नौलो हो तसर्थ यसका हामी अभ्यस्त छैन । योजना आवश्यक छ भन्नु हुँदै सो सत्रको समापन गर्नुभयो ।



न्यायाधीशहरूको राष्ट्रिय सम्मेलन, २०६५ का सहभागीहरू

## न्यायाधीशहरुको प्रथम राष्ट्रिय सम्मेलन, २०६५ को घोषणापत्र

**प्रस्तावना**

- स्वतन्त्र, निष्पक्ष एवं सक्षम न्यायपालिका लोकतान्त्रिक राज्य व्यवस्थाको आधारस्तम्भ हो भन्ने मान्यतालाई आत्मसात् गर्दै,
- संविधान, कानून तथा न्यायका मान्य सिद्धान्तहरू प्रति प्रतिबद्ध रहँदै,
- नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार र कानूनी राज्यको अवधारणालाई सार्थक तुल्याउन सदैव क्रियाशील रहने अठोट गर्दै,
- न्यायिक काम कारवाहीमा समानता, निष्पक्षता, स्वच्छता, पारदर्शिता कायम गर्दै न्यायपालिकाप्रति जनताको आस्था र विश्वास अभिवृद्धि गर्न, लोकतान्त्रिक पद्धति अनुरुप उत्तरदायी एवं गतिशील न्यायपालिकाको स्थापना गर्न, योजनाबद्ध कार्यक्रमहरूको माध्यमबाट न्यायमा सहज पहुँच हुने अवस्था सुनिश्चित गरी छिटो, छरितो, सुलभ एवं स्वच्छ न्याय प्रदान गर्न दृढ संकल्पित रहँदै,
- २०६५ साल चैत १८ गते मंगलवार प्रारम्भ भै १९ गते बुधवार काठमाडौंमा सम्पन्न भएको न्यायाधीशहरूको प्रथम राष्ट्रिय सम्मेलनका सहभागी हामी न्यायाधीशहरू यो घोषणापत्र जारी गर्दछौं :

1. हामीले स्वतन्त्र न्यायपालिकातर्फको यात्रा प्रारम्भ गरेको करीब ६० वर्ष हुन लागेको छ । प्रधान न्यायालयको स्थापनाबाट प्रारम्भ गरिएको यो यात्राको क्रममा अनेकौं आरोह अवरोहहरू पार गरेका छौं । खासगरी तत्कालीन प्रधानन्यायाधीश श्री हरिप्रसाद प्रधानको कुशल, निडर र दूरदर्शी नेतृत्वबाट प्रारम्भ गरिएको स्वतन्त्र न्यायपालिकाको विकासको क्रममा हाम्रा अनेकन अग्रजहरूको परिश्रम, लगनशीलता, त्याग र समर्पणबाट आजको न्यायपालिकाको जग बसेको छ र आधुनिकीकरणको मार्गमा उन्मूख छ । आजको यस अवसरमा स्वतन्त्र न्यायपालिका र न्यायिक पद्धतिको विकासमा हाम्रा आदरणीय अग्रजहरूबाट प्रेरणा लिँदै उहाँहरूले पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै हार्दिकतापूर्वक सम्मान व्यक्त गर्दछौं ।
2. राज्यद्वारा मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ तथा न्यायिक स्वतन्त्रतासम्बन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्तहरू, १९८५ समेतका विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूले निर्दिष्ट गरेका न्यायिक स्वतन्त्रतासम्बन्धी आधारभूत मान्यताहरूको आधारमा संवैधानिक रुपमा नै न्यायिक स्वतन्त्रताको प्रत्याभूति गरिनु पर्दछ भन्ने मान्यतामा अगाध आस्था र विश्वास व्यक्त गर्दछौं ।
3. स्वतन्त्र, निष्पक्ष, प्रभावकारी र उत्तरदायी न्याय व्यवस्था कायम गरी नागरिक हकको संरक्षण तथा मानवअधिकारको प्रत्याभूति र कानूनको शासन कायम गराउने संवैधानिक उत्तरदायित्व निर्वाह गर्न न्यायिक अंगको जिम्मेवार सदस्यको हैसियतमा वहन गर्दै आएको भूमिकालाई

आत्मसात् गर्दै अझ बढी सक्रियताका साथ समर्पित रहने अठोट गर्दछौं ।

4: न्यायिक स्वतन्त्रता र निष्पक्षता उत्तरदायी न्यायपालिकाको अभिन्न विषय भएको कुरालाई आत्मसात् गर्दै न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतालाई अक्षुण्ण राख्न न्यायपालिका आफ्नो काम कारवाहीप्रति सदैव पारदर्शी, जिम्मेवार र उत्तरदायी रहने कुरामा पूर्ण प्रतिबद्धता व्यक्त गर्दछौं ।

5: न्यायिक स्वतन्त्रता व्यक्तिगत रुपमा न्यायाधीशको लागि उन्मुक्ति नभएर अन्ततः जनअधिकारको रक्षाको लागि हो । कार्यपालिका, व्यवस्थापिका, नेपाल वार एशोसिएशन, सञ्चार जगत, नागरिक समाजलगायत सबै क्षेत्रले न्यायिक स्वतन्त्रताका विश्वव्यापी मान्यताहरूको आधारमा त्यसको सम्मान, संरक्षण र संवर्द्धन गर्न प्रयत्नशील रहने छन् भन्ने कुरामा हामी विश्वास राख्दछौं ।

6: न्यायिक काम कारवाहीमा समानता, स्वच्छता, पारदर्शिता र निष्ठा कायम रहनु पर्दछ भन्ने मान्यतामा अटल विश्वास राख्दै त्यसैका माध्यमबाट न्यायपालिकाप्रति जनताको आस्था र विश्वास अभिवृद्धि गर्न न्यायाधीशहरूको आचारसंहिता महत्वपूर्ण आधार हो भन्ने कुरा महसुस गर्दै स्वतन्त्र एवं सक्षम न्यायपालिका र न्यायिक निष्ठाका आधारभूत मूल्य मान्यताहरूका सन्दर्भमा विकसित अन्तर्राष्ट्रिय मापदण्ड र नवीनतम् अवधारणाहरू समेतलाई समेटेर तयार पारिएको **न्यायाधीशहरूको आचारसंहिता**, २०६५ लाई ग्रहण गर्दछौं र त्यसको पूर्ण पालनामा प्रतिबद्धता व्यक्त गर्दछौं ।

7: देशका विभिन्न भागमा न्यायाधीशहरू लगायत अदालतका कर्मचारीहरू प्रति बढ्दै गएको सुरक्षा-खतरा, धाक धम्की, अमर्यादित र अशोभनीय व्यवहार एवं क्रियाकलापबाट स्वतन्त्र, स्वच्छ र निष्पक्षरुपमा न्यायसम्पादन गर्ने कार्यमा गम्भीर व्यवधान पैदा हुने भएकाले राज्यको तर्फबाट सुरक्षाको भरपर्दो, विश्वसनीय र व्यावहारिक रुपमा प्रत्याभूति सुनिश्चित गर्न सरकारका साथै सम्बद्ध सबैको गम्भीर रुपमा ध्यानाकर्षण हुन आवश्यक छ भन्ने महसुस गर्दछौं ।

8: मुद्दा मामिलाको रोहमा अदालतले दिएको कुनै पनि आदेश वा निर्णयको राज्यका सबै अंग, निकाय, पदाधिकारी वा नागरिक सबैले सम्मान र पालना गर्नु पर्दछ भन्ने संविधानतः स्थापित मान्यतालाई पुनः स्मरण गर्दै न्यायिक निर्णय वा आदेशविरुद्ध हुने कुनै पनि प्रकारको अवाञ्छित गतिविधि स्वतन्त्र न्यायपालिकाको मर्म प्रतिकूल हुन्छ र परिणामतः यस्तो कार्यले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाबाट न्याय निरुपण गर्न पाउने नागरिकको मौलिक हकलाई नै संकुचन एवं अवरुद्ध गर्दछ भन्ने दृढ मान्यता राख्दै विगत केही वर्षदेखि न्यायिक निर्णयविरुद्ध विभिन्न क्षेत्रबाट हुँदै आएका अशोभनीय क्रियाकलापप्रति असहमति जनाउँदै चिन्ता व्यक्त गर्दछौं ।

9: न्यायपालिकाको समग्र विकासमा योजनाबद्ध कार्यक्रमहरूको आवश्यकता

महसुस गर्दै न्यायपालिकाको परिदृश्य, परिलक्ष्य तथा मूल्य मान्यतासमेत परिभाषित गरी लागू भएको न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना (२०६१–२०६६) को कार्यान्वयनवाट प्राप्त उपलब्धिहरूलाई जगेर्ना गर्दै विगतमा महसुस हुन आएका कमी कमजोरी हटाई आगामी दिनमा न्यायपालिकाको आवश्यकतानुसारका कार्यक्रमहरूलाई समेटेर यथार्थपरक उपयुक्त आबधिक योजनाको तर्जुमा गरिनु पर्ने र प्रभावकारी रुपमा त्यसलाई कार्यान्वयनमा लैजानुपर्ने अपरिहार्यता महसुस गर्दछौं ।

10: न्यायाधीशको नियुक्ति, सरुवा र अनुशासनसम्बन्धी कारवाहीहरू संविधान र कानूनले तोकेको निश्चित मापदण्डको आधारमा गरिनु पर्दछ भन्ने मान्यतालाई दृष्टिगत गर्दै योग्यता र क्षमताको आधारमा पारदर्शी तवरबाट गरिन्छ भन्ने कुरामा विश्वास व्यक्त गर्दछौं ।

11: न्यायाधीशहरूको कार्यक्षमता, दक्षता र योग्यता अभिवृद्धिसम्बन्धी विषयमा सबैलाई समान अवसरसहितको निरन्तर र प्रभावकारी कानूनी शिक्षा तथा तालिमको अवसर उपलव्ध गराउन न्यायिक संस्था सदैव चिन्तनशील रहनेछ भन्ने कुरामा आशा र विश्वास गर्दछौं ।

12: अबको न्यायप्रशासन नवीन सार्वजनिक व्यवस्थापनको अवधारणामा आधारित भएर संचालन हुनुपर्दछ भन्ने कुरामा जोड दिँदै सक्षम र स्वतन्त्र न्यायपालिकामा कार्यरत अधिकृत र कर्मचारीको अहम् भूमिका रहने तथ्यलाई स्वीकार गर्दै न्यायप्रशासनलाई समय सुहाउँदो सक्षम र प्रभावकारी बनाउनु पर्ने अपरिहार्यता महसुस गर्दछौं ।

13: न्यायिक व्यवस्थापनको कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरूको उच्च मनोबल कायम गर्न, सबै तहका अधिकृत एवं कर्मचारीहरूको वृत्ति विकासको अवसर सुनिश्चित गर्न, न्यायिक नियुक्तिमा न्यायपालिकाका सक्षम जनशक्तिको प्रवेशलाई संकुचन नगरी प्रतिस्पर्धामा भाग लिन पाउने समान अवसर उपलब्ध गराउन, कर्मचारीहरूको उचित र वैधानिक अपेक्षाप्रति स्वयम् न्यायपालिकालगायत राज्यका सम्बद्ध सबै निकायहरूबाट पर्याप्त संवेदनशीलता अपनाई विधिसम्मत तरिकाबाट सम्बोधन गरिनु आवश्यक छ भन्ने कुरामा जोड दिन्छौं ।

14: न्यायपालिकामा काम गर्ने अधिकृतहरू सहित सबै तहका कर्मचारीहरूको सेवा, शर्त, सुविधा तथा पारिश्रमिक सम्बन्धमा विधायिकाले छुट्टै ऐन निर्माण गरी निर्धारण गर्नुपर्ने र पारिश्रमिक एवं अन्य सुविधा मूल्यवृद्धि सूचकांकको आधारमा स्वतः वृद्धि हुँदै जानुका साथै आवधिक रुपमा पारिश्रमिक र सुविधाको पुनरावलोकन गर्ने पद्धति अपनाउन वाञ्छनीय भएकाले यस पक्षमा आवश्यक कानूनको निर्माण गर्न सम्बद्ध निकायहरूको ध्यान आकृष्ट हुनुपर्दछ भन्ने महसुस गर्दछौं ।

15: कुनै पनि राष्ट्रको जीवनमा ज्यादै नै महत्वपूर्ण ठानिने संविधान निर्माणको विषयमा न्यायाधीशहरूले पनि आफ्नो

वर्ष १७, अंक २४, चैत्र १६ देखि ३१, २०६५, पूर्णाङ्क ४०२

ज्ञान, सीप, अनुभवका आधारमा तार्किक, व्यवहारिक र उपयोगी सुझाव अवधारणा संविधानसभालाई उपलब्ध गराउनु पर्दछ भन्ने कुरालाई गाम्भिरतापूर्वक आत्मसात् गर्दै भावी संविधानमा न्यायपालिकाको स्वरुप, संरचनासम्बन्धी विषयमा कार्यक्रमहरू आयोजना गरी न्यायाधीशहरूका बीच व्यापक छलफल र वहसपश्चात् तयार गरी संविधानसभामा प्रस्तुत गरिएको सुझावलाई गम्भीरतापूर्वक लिई भावी संविधानमा स्वतन्त्र न्यायपालिकासम्बन्धी प्रावधान सुनिश्चित गरिनेछ भन्ने विश्वास व्यक्त गर्दछौं ।

16= न्यायसम्पादन प्रक्रियामा सरलीकरण, कार्यसम्पादनमा शीघ्रता र एकरुपता तथा न्याय क्षेत्रमा गरिनुपर्ने समयानुकूल परिर्वतनलाई आत्मसात् गर्दै अदालत व्यवस्थापनमा प्रभावकारीता ल्याई न्यायमा नागरिकको सहज पहुँचको अधिकारलाई व्यवहारमा स्थापित गर्न तत्सम्बन्धी समसामयिक विषयमा आपसी छलफल गरी निष्कर्ष निकाल्न न्यायाधीशहरूको सम्मेलन महत्वपूर्ण माध्यम बन्न सक्छ भन्ने विश्वासलाई दोहोऱ्याउँदै प्रत्येक वर्ष क्षेत्रीय तहमा र प्रत्येक तीन वर्षमा राष्ट्रिय तहमा न्यायाधीशहरूको सम्मेलन आयोजना गर्ने विषयलाई न्यायपालिकाको वार्षिक कार्यक्रममा समावेश गरिनु पर्दछ भन्ने कुरामा जोड दिन्छौं ।

इति सम्वत् २०६५ साल चैत महिना १९ गते रोज ४ शुभम् ।

## न्यायाधीश आचारसंहिता, २०६५

**प्रस्तावनाः**

- स्वतन्त्र, निष्पक्ष र सक्षम न्याय प्रणालीको माध्यमबाट कानूनको शासन, मानव अधिकार तथा संवैधानिक मूल्य मान्यताहरूको संरक्षण र सम्बर्द्धन गर्न;
- प्रभावकारी र उत्तरदायी न्याय व्यवस्था मार्फत छिटो छरितो, स्वच्छ, निष्पक्ष र पारदर्शी रुपमा न्याय सम्पादन हुने कुराको व्यवहारिक प्रत्याभूति दिई स्वच्छ सुनुवाई सुनिश्चित हुने न्यायिक प्रक्रियाद्वारा नागरिक हकको संरक्षण गर्न;
- न्याय पद्धतिप्रति जनआस्था र विश्वास अभिवृद्धि गर्न निरन्तर प्रयास गर्दै तथा न्यायपालिकाको प्रतिष्ठालाई उच्च राख्ने सन्दर्भमा व्यक्तिगत तथा सामूहिक रुपमा समेत न्यायाधीशहरूद्वारा न्यायिक पदलाई सार्वजनिक उत्तरदायित्वको पदको रुपमा सम्मान गर्ने परिपाटी विकास गर्दै न्यायाधीशको व्यक्तित्व एवं वैधानिक हितको समेत संरक्षण गर्न; र
- न्यायाधीशहरूको आचार एवं व्यवहारका विषयमा आधारभूत सिद्धान्त तथा मानकहरू निर्धारण गरी अन्तर्राष्ट्रिय स्तरमा विकसित सिद्धान्त एवं मुलुकभित्र विद्यमान प्रचलन, व्यवहार, न्यायिक संस्कृतिका आवश्यक पक्षलाई समेत समेटी, एकीकरण गरी न्यायाधीशको आचारसंहिता बनाई लागू गर्न वाञ्छनीय भएकोले यो आचारसंहिता न्यायाधीशहरूको राष्ट्रिय सम्मेलन, २०६५ द्वारा पारित गरी जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१. यो संहिताको नाम "न्यायाधीशको आचारसंहिता, २०६५" रहेको छ ।

१.२. यो आचारसंहिता नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

२.१. "न्यायाधीश" भन्नाले सर्वोच्च अदालत, पुनरावेदन अदालत तथा जिल्ला अदालतमा बहाल रहेका न्यायाधीश सम्झनु पर्छ र सो शब्दले समय समयमा गठन भएका विशेष अदालत, प्रशासकीय अदालत, श्रम अदालत, विभिन्न न्यायाधिकरणहरू वा यस्तै अन्य निकायमा रही मुद्दा मामिलामा निर्णय दिने गरी न्याय परिषद्को परामर्शमा नियुक्त भएका, तोकिएका वा खटाइएका पदाधिकारीलाई समेत जनाउनेछ ।

२.२. "अदालतका कर्मचारी" भन्नाले दफा २.१ मा उल्लिखित अदालत वा मुद्दा हेर्ने अन्य निकायमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

२.३. "न्यायाधीशको परिवार" भन्नाले न्यायाधीशसंग एकाघर संगोलमा बसेका न्यायाधीशका बाबु, आमा, पति वा पत्नी, छोरा, छोरी, छोरा-बुहारी, छोरीज्वाई, नाति, नातिनी सम्झनु पर्छ र सो शब्दले न्यायाधीशसँग एउटै निवासमा संगै बस्ने अन्य नातेदार, घरमा राखेको कामदार, सहयोगी समेतलाई जनाउनेछ ।

२.४. "नातेदार" भन्नाले न्यायाधीशको मुलुकी ऐन, अ.बं. ३० नं. भित्रका नातेदार र विवाहित न्यायाधीशको हकमा त्यस्ता न्यायाधीशको पति वा पत्नीको जन्म दिने बाबु आमा र निजका अ.बं. ३० नं. भित्रका नातेदार सम्झनु पर्छ ।

२.५."कानून व्यवसायी" भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० बमोजिमका कानून व्यवसायी सम्झनु पर्छ ।

२.६ "आचरण" भन्नाले न्यायाधीशबाट पालन गर्नुपर्ने व्यवहार, बानी बेहोरा, चालचलन वा चरित्रसमेत सम्झनु पर्छ ।

**३. स्वतन्त्रता**

**सिद्धान्तः** कानूनको शासन र स्वच्छ सुनुवाईको आधारभूत प्रत्याभूति नै न्यायिक स्वतन्त्रताको पूर्व शर्त हो । त्यसैले न्यायाधीशले व्यक्तिगत एवम् संस्थागत रुपमा न्यायपालिकाको स्वतन्त्रता सुदृढ गर्न उदाहरणीय रुपमा क्रियाशील रहनुपर्छ ।

**आचारसंहिता**

३.१ न्यायाधीशले न्यायिक कार्य गर्दा आफू समक्ष प्रस्तुत हुन आएका तथ्यको निरोपण र कानूनको सही प्रयोग गरी स्वतन्त्रतापूर्वक गर्नु पर्छ । निजले कुनै पनि क्षेत्रबाट कुनै पनि कारणले प्रत्यक्ष वा परोक्षरुपमा आउने प्रभाव, दबाब, भनसुन, धम्की, आग्रह आदिबाट प्रेरित वा प्रभावित नभई न्यायिक कार्य गर्नुपर्छ ।

३.२ न्यायाधीशले आफ्नो सामाजिक सम्बन्ध कायम गर्दा सतर्कतापूर्वक गर्नुपर्छ । सामाजिक सम्बन्धको कारणले न्याय सम्पादनमा पर्न सक्ने प्रभाव र विशेष

गरेर आफूले निरोपण गर्नु पर्ने विवादका पक्षहरूबाट पर्न सक्ने प्रभाववाट स्वतन्त्र रहनुपर्छ ।

३.३ न्यायाधीश कार्यपालिका वा व्यवस्थापिकाका सदस्यहरूसँगको अनुपयुक्त सम्पर्क वा प्रभावबाट मुक्त रहने मात्र होइन एउटा विवेकशील पर्यवेक्षकको दृष्टिमा पनि त्यस्तो सम्पर्क वा प्रभावबाट मुक्त रहेको देखिनुपर्छ ।

३.४ न्यायाधीशले न्यायिक कर्तव्य पालन गर्ने क्रममा आफू स्वयम्‌ले पनि स्वतन्त्रतापूर्वक कार्य गर्नुपर्छ र अन्य सहकर्मी न्यायाधीशहरूलाई पनि स्वतन्त्रतापूर्वक न्यायिक कार्य गर्न सक्ने सहज वातावरण प्रदान गर्नुपर्छ; कुनै प्रकारको हस्तक्षेप गर्न, अनुचित प्रभाव पार्न वा दबाब दिन हुँदैन ।

३.५ न्यायाधीशले न्यायपालिकाको संस्थागत एवम् कार्यगत स्वतन्त्रता कायम राख्न र अभिवृद्धि गर्न हरसंभव प्रयास गर्नुपर्छ ।

३.६ न्यायिक स्वतन्त्रताको लागि अपरिहार्य रहेको न्यायपालिकाप्रतिको जनआस्था तथा जनविश्वासको अभिवृद्धि गर्न न्यायाधीशले उच्चस्तरको न्यायिक आचरण प्रदर्शन र प्रवर्द्धन गर्नुपर्छ ।

३.७ निन्दा, आलोचना, आक्रोश आदिबाट दुःखित हुने तथा बडाइँ, प्रशंसा, नम्रताबाट प्रभावित हुने मानवीय स्वभावको नकारात्मक असर न्याय सम्पादन कार्यमा नपरोस् भनी न्यायाधीश संधै सचेष्ट रहनुपर्छ ।

४. निष्पक्षता

**सिद्धान्तः** न्यायिक काम कारवाहीको उपयुक्त सम्पादनको लागि निष्पक्षता अत्यावश्यक हुन्छ र न्यायिक निर्णयमा मात्र नभएर निर्णयपूर्वका समस्त न्यायिक प्रक्रियामा पनि निष्पक्षता कायम गरिनुपर्छ ।

आचारसंहिता

४.१ न्यायाधीशले कुनै प्रकारको मोलाहिजा, पक्षपात वा पूर्वाग्रह नराखी न्यायिक कर्तव्यको पालन गर्नुपर्छ ।

४.२ अदालतभित्र र बाहिर न्यायाधीशले गर्ने व्यवहार निष्पक्ष हुनुपर्छ, जसबाट मुद्दाका पक्ष, कानून व्यवसायी र सर्वसाधारणको न्यायाधीश र न्यायपालिकाप्रतिको विश्वास अभिवृद्धि हुनसकोस् ।

४.३ कुनै पनि व्यक्तिसँग अनावश्यकरुपमा सम्बन्ध वा सम्पर्क बढाएको कारणबाट विवादको सुनुवाई वा निरोपण गर्न अयोग्य हुने स्थितिको सिर्जना नहोस् भन्ने हेतुले न्यायाधीशले त्यस्ता संम्भावनाहरूबाट टाढै रहनुपर्छ ।

४.४ न्यायाधीशले आफूसमक्ष निरोपणका लागि प्रस्तुत हुन आएका वा आउन सक्ने विवादको परिणाममा असर पर्ने गरी वा न्यायिक प्रक्रियामा अपनाउनु पर्ने स्वच्छतामा नै स्पष्टतः आँच आउने गरी जानाजान कुनै प्रकारको टीकाटिप्पणी गर्न वा कुनै व्यक्ति वा विवादको स्वच्छ सुनुवाईमा असर पर्ने गरी सार्वजनिक वा अन्य रुपमा कुनै अभिव्यक्ति दिनु हुंदैन ।

४.५ आफूले कुनै विवादको निष्पक्ष निरोपण गर्न नसक्ने भएमा वा एउटा विवेकशील पर्यवेक्षकको दृष्टिमा त्यस्तो विवाद निरोपण गर्दा न्यायाधीशले निष्पक्ष भई निर्णय गर्न नसक्ने अवस्था छ भन्ने स्थिति भएमा न्यायाधीशले त्यस्तो विवादको सुनुवाई वा न्याय निरोपण गर्नवाट आफूलाई अलग राख्नुपर्छ । देहायको अवस्थामा त्यस्तो स्थिति आउन सक्दछ :-

(क) मुद्दाका कुनै पक्षप्रति न्यायाधीशको खास आग्रह वा पूर्वाग्रह भएमा;
(ख) विवादित विषयको प्रमाणसम्बन्धी तथ्यमा न्यायाधीशलाई व्यक्तिगत हैसियतमा पूर्व जानकारी भएमा;
(ग) विवादको विषयमा न्यायाधीशले पहिले कानून व्यवसायीको हैसियतले काम गरेको वा साक्षीको रुपमा रहेको भएमा;
(घ) निरोपण गर्नुपर्ने विवादको परिणाममा न्यायाधीश वा निजको परिवारको प्रत्यक्ष आर्थिक स्वार्थ जोडिएको भएमा,

तर अर्को न्यायाधीशले तत्काल मुद्दाको सुनुवाई गर्नसक्ने अवस्था नभएमा र तत्काल विवादको सुनुवाई नगर्दा गम्भीररूपमा अन्याय पर्ने अवस्था भएमा न्यायाधीशले त्यस्तो विवाद हेर्न हुन्छ ।

## ५. निष्ठा

**सिद्धान्तः** न्यायिक कार्यको समुचित सम्पादनको लागि न्यायप्रतिको निष्ठा र त्यसको पालना अत्यावश्यक हुन्छ ।

### आचारसंहिता

५.१ एउटा विवेकशील पर्यवेक्षकको दृष्टिमा न्यायाधीशको आचरण निन्दनीय छैन भन्ने कुरा न्यायाधीशले व्यवहारतः सुनिश्चित गर्नुपर्छ ।

५.२ न्यायाधीशको आचरण र व्यवहार न्यायपालिकाप्रति जनताको आस्था र विश्वास बढाउने किसिमको उच्च नैतिकता उन्मूख हुनुपर्छ । “न्याय गरेर मात्र हुँदैन, न्याय गरेको देखिनु पनि पर्छ” भन्ने मान्यताबाट प्रेरित भई न्यायाधीशले आफ्नो कार्यसम्पादन गर्नुपर्छ ।

## ६. सदाचार

**सिद्धान्तः** न्यायाधीशले गर्ने सबै कार्यहरू सदाचारपूर्ण हुनु र देखिनुसमेत पर्छ ।

### आचारसंहिता

६.१ न्यायाधीशका हरेक क्रियाकलाप सदाचारपूर्ण हुनुपर्छ । सदाचार विपरीतका कार्य वा सदाचार विपरीत देखिने कुनै पनि कार्य गर्नबाट न्यायाधीश अलग रहनुपर्छ ।

६.२ हरेक क्रियाकलापको व्यक्ति र समाजले नित्य निगरानी, अनुगमन र मूल्यांकन गर्ने हुँदा न्यायाधीशले सदैव आफ्नो कारणबाट कुनै नागरिक वा समुदायलाई अनुचित बोझ नहोस् भन्ने कुरा बिचार गरेर आफ्नो क्रियाकलाप नियन्त्रित गर्नु पर्छ । विशेषतः न्यायाधीशले आफ्नो क्रियाकलाप सञ्चालन गर्दा न्यायिक पदको गरिमा र मर्यादा अनुकूल गर्नुपर्छ ।

६.३ न्यायाधीशले खासगरी आफू कार्यरत अदालतमा नियमित बहस पैरवी गर्ने कानून व्यवसायीहरूसँगको व्यक्तिगत सम्बन्ध र सम्पर्कको कारणबाट पक्षपात वा मोलाहिजा गरिएको छ कि भनी आशंका हुने स्थितिबाट अलग रहनुपर्छ ।

६.४ न्यायाधीशले आफ्नो परिवारका कुनै सदस्यले कानून व्यवसायीको रुपमा प्रतिनिधित्व गरेको वा अन्य कुनै किसिमले संलग्न रहेको विवादको निरोपणमा सहभागी हुनु हुंदैन ।

६.५ न्यायाधीशले आफूले प्रयोग गरिआएको आवासमा कसैलाई कानून व्यवसाय सञ्चालन गर्न वा विवादका पक्षहरूसँग भेटघाट गर्न दिनु हुँदैन ।

६.६ न्यायाधीशले अन्य नागरिक सरह विचार र अभिव्यक्तिको स्वतन्त्रता वा कुनै संघसंस्था खोल्ने वा सदस्य हुने वा भेला हुने अधिकार राख्दछ । तर त्यस्तो अधिकारको प्रयोग गर्दा सदा न्यायिक पदको गरिमा र न्यायपालिकाको स्वतन्त्रता एवं निष्पक्षता जोगाई राख्ने गरी गर्नुपर्छ ।

६.७ न्यायाधीशले आफ्नो व्यक्तिगत वा आफूलाई कानूनबमोजिम प्राप्त हुने आर्थिक लाभ वा स्वार्थबारे जानकारी राख्नुपर्छ । साथै आफ्नो परिवारका सदस्यहरूको आर्थिक कारोवार एवं स्वार्थ बारे जानकारी राख्ने उचित प्रयास गर्नुपर्छ ।

६.८ न्यायाधीशले आफ्नो परिवार, नातेदार वा अन्य सामाजिक सम्बन्धका व्यक्तिहरूलाई आफूले सम्पादन गर्ने न्यायिक कार्य वा निर्णयमा अनुचित प्रभाव पार्न दिनुहुँदैन ।

६.९ न्यायाधीशले आफ्नो वा आफ्नो परिवारका सदस्यको वा अरु कसैको निजी स्वार्थ पूर्तिका लागि आफ्नो पदीय हैसियतको उपयोग गर्न वा गर्न दिनु हुंदैन न त कुनै व्यक्ति न्यायाधीशको न्यायिक कार्यमा प्रभाव पार्न सक्ने विशेष हैसियतमा छ भनी न्यायाधीशले भन्न वा अन्य कसैलाई त्यस्तो अनुभूति हुने गरी बोल्न दिन हुन्छ ।

६.१० न्यायाधीशले न्यायिक हैसियतले कार्य गर्दा प्राप्त गरेको गोप्य सूचना न्यायिक कर्तव्यको पालना गर्दाबाहेक अन्य उद्देश्यको लागि प्रयोग गर्न वा खुलासा गर्न हुँदैन ।

६.११ न्यायाधीशले निष्पक्षतापूर्वक न्यायिक कर्तव्य पालनामा वाधा नपर्ने वा आँच नआउने गरी देहायका कार्य गर्न हुन्छ :

(क) कानून, कानूनी पद्धति, न्यायप्रशासन वा त्यस्तै विषयमा लेख्न, प्रवचन दिन, अध्यापन गर्न वा ती विषयका देशभित्र वा बाहिर आयोजना हुने सार्वजनिक कार्यक्रममा उपस्थित हुन वा छलफलमा सहभागी हुन;

(ख) न्यायाधीशको निष्पक्षता वा तटस्थतामा प्रतिकूल असर नपर्ने भएमा, सरकारी संस्था, सरकारी आयोग, समिति वा सल्लाहकार संस्थाका सदस्यको रूपमा कार्य गर्न;

(ग) न्यायिक पदको गरिमामा आँच नआउने वा न्यायिक कर्तव्यको पालनामा कुनै

तरहबाट बाधा नपर्ने अन्य कुनै काम कारवाहीमा सहभागी हुन ।

६.१२ न्यायिक पदमा बहाल रहेसम्म न्यायाधीशले कानून व्यवसायमा संलग्न हुन पाउने छैन । सर्वोच्च अदालतका स्थायी न्यायाधीशको हकमा सेवा निवृत्त भएपछि पनि निजले कुनै अदालतमा उपस्थित भई बहस पैरवी गर्न पाउने छैन ।

६.१३ न्यायाधीशले न्यायाधीशहरूको संघ वा संगठन खोल्न, सदस्यता लिन वा न्यायाधीशहरूको हितको प्रतिनिधित्व गर्ने अन्य संस्थाहरूमा सहभागी हुन हुन्छ ।

६.१४ न्यायसम्पादनको सिलसिलामा न्यायाधीशले कुनै कार्य गर्नको लागि वा गरे वा नगरे बापत न्यायाधीश वा निजको परिवारका कुनै सदस्यले कुनै प्रकारको आतिथ्य स्वीकार गर्न वा दान, दातव्य, उपहार, इच्छापत्र, ऋण वा आर्थिक वा भौतिक लाभ माग गर्नु वा स्वीकार गर्नु गराउनु हुंदैन ।

६.१५ न्यायाधीशले जानी-जानी अदालतको कर्मचारी वा आफ्नो प्रभाव, निर्देशन वा अख्तियारीअन्तर्गतका अन्य व्यक्तिलाई न्यायसम्पादनको सिलसिलामा आफूले कुनै कार्य गर्नको लागि वा गरिदिए बापत वा नगरिदिए बापत कुनै उपहार, इच्छापत्र, ऋण वा अन्य लाभको माग गर्न वा स्वीकार गर्न अनुमति दिनुहुँदैन ।

६.१६ न्यायाधीशको न्यायिक कार्यमा प्रभाव पार्ने वा पक्षपातपूर्ण काम गर्न प्रेरित गर्ने वा न्यायिक निष्पक्षतामा आँच आउने स्थिति नभएमा प्रचलित कानून र सार्वजनिक गरिनुपर्ने कानूनी दायित्वको अधीनमा रही न्यायाधीशले कुनै समारोहमा सुहाउँदो बुझिदो किसिमसँग प्रदान गरिएको कुनै उपहार, प्रशंसापत्र वा पुरष्कार ग्रहण गर्न हुन्छ ।

### ७. समानता

**सिद्धान्तः** न्यायिक कार्यको समुचित सम्पादनको सिलसिलामा अदालतमा सबैप्रति समान व्यवहार सुनिश्चित गरिनु आवश्यक हुन्छ ।

### आचारसंहिता

७.१ न्यायाधीशले सामाजिक विविधता र भिन्नताहरू बुझ्ने र त्यसबाट सुसूचित हुन सचेष्ट रहनु पर्दछ । खासगरी जातजाति, वर्ण, लिङ्ग, धर्म, अपांगता, उमेर, वैवाहिक स्थिति, राष्ट्रियता, सामाजिक तथा आर्थिक अवस्था वा अन्य त्यस्तै अप्रासंगिक आधारहरूको कारणबाट पैदा हुने संम्भावित असमान स्थितिप्रति सचेष्ट रहनुपर्छ ।

७.२ न्यायाधीशले न्यायिक कार्य सम्पादन गर्दा कुनै व्यक्ति वा समूहप्रति अप्रासंगिक आधारमा बोलेर, लेखेर, आचरणद्वारा वा अन्य कुनै तरिकाबाट पक्षपात वा पूर्वाग्रहपूर्ण व्यवहार गर्नुहुँदैन ।

७.३ न्यायाधीशले आफ्नो कर्तव्यपालनको सिलसिलामा कुनै कार्य वा व्यवहार गर्दा सम्बद्ध सबै पक्ष वा व्यक्तिप्रति यथोचित बिचार पुऱ्याउनु पर्छ । मुद्दाका पक्षहरू, साक्षीहरू, कानून व्यवसायीहरू, अदालतका कर्मचारीहरू तथा सहकर्मी

न्यायाधीशहरूप्रति कर्तव्यपालनसँग सरोकार नरहेका कुनै अप्रासंगिक कुराको आधारमा कुनै प्रकारको भेद्भावपूर्ण व्यवहार गर्नुहुँदैन ।

७.४ न्यायाधीशले जानी-जानी अदालतको कर्मचारी वा आफ्नो प्रभाव, निर्देशन वा नियन्त्रणमा रहेका व्यक्तिहरूलाई आफूसमक्ष विचाराधीन विवादसँग सम्बन्धित व्यक्तिहरूप्रति कुनै किसिमले भेदभावपूर्ण व्यवहार गर्ने अनुमति दिनुहुँदैन ।

७.५ न्यायाधीशले मुद्दामा उपस्थित कानून व्यवसायीले कुनै पक्ष वा व्यक्तिप्रति बोली वा व्यवहारबाट अप्रासंगिक आधारमा देखाउने पक्षपात वा पूर्वाग्रहलाई रोक्नु पर्छ । तर त्यस्ता अप्रासंगिक आधार मध्येका कुनै कुरा नै मुद्दामा ठहर गर्नुपर्ने कुरासँग सम्बद्ध रहेछ भने त्यस्तो कुरा बहस पैरवीका क्रममा व्यक्त गर्नबाट रोक्नु हुँदैन ।

### ८. सक्षमता र लगनशीलता

**सिद्धान्तः** सक्षमता तथा लगनशीलता कुशल न्यायिक कार्यसम्पादनका पूर्वशर्त हुन् ।

### आचारसंहिता

८.१ न्यायाधीशको न्यायिक कार्यले अन्य कार्यहरू भन्दा प्राथमिकता पाउनु पर्छ ।

८.२ न्यायाधीशले आफ्नो व्यावसायिक समय मुख्यतः न्यायिक कर्तव्य पालनमा लगाउनु पर्छ । यसअन्तर्गत न्यायिक कार्य तथा कर्तव्यको निर्वाह र निर्णय गर्ने कुराका अतिरिक्त अदालत र यसको सञ्चालन वा व्यवस्थापन, न्यायिक प्रशिक्षण एवं अनुसन्धानसँग सम्बन्धित कुराहरू समेत पर्छन् ।

८.३ न्यायाधीशले न्यायिक कार्यको कुशल सम्पादनको लागि आवश्यक पर्ने ज्ञान, सीप र व्यक्तिगत गुणहरू कायम राख्न तथा अभिवृद्धि गर्न उपयुक्त कदमहरू चाल्नुपर्छ । त्यसको लागि न्यायिक नेतृत्व अन्तर्गत उपलब्ध हुने तालीम तथा अन्य सुविधाहरूबाट न्यायाधीशले फाइदा लिनुपर्छ ।

८.४ न्यायाधीश मानवअधिकारका सिद्धान्तहरू स्थापित गर्ने अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा अन्य दस्तावेजलगायत अन्तर्राष्ट्रिय कानूनमा भएका सम्बद्ध विकासहरू बारे सुसूचित रहनुपर्छ ।

८.५ न्यायाधीशले मुद्दाको सुनुवाई सकी निर्णय सुनाउन राखेकोमा निर्णय सुनाउँदा यथासक्य लिखित फैसला दिने र अन्य न्यायिक कार्यहरू सम्पादन गर्दा समेत कुशलतापूर्वक, स्वच्छ एवं छिटो-छरितो रूपमा गर्ने गर्नुपर्छ ।

८.६ न्यायाधीशले आफू संलग्न भई विवादको सुनुवाई गर्दाका सबै अवस्थामा न्यायिक प्रक्रियाको सुव्यवस्था र न्यायिक मर्यादा कायम राख्नुपर्छ । न्यायाधीशले विवादका पक्षहरू, साक्षीहरू, कानून व्यवसायीहरू र अन्य सम्बद्ध मानिसहरूसँग शालीन, सौम्य, नम्र र धैर्य भई व्यवहार गर्ने र उनीहरूको कुरा सुन्नुपर्छ । अदालतका कर्मचारीलगायत न्यायाधीशको निर्देशन वा नियन्त्रणमा रहेका व्यक्तिहरूबाट समेत त्यस्तै प्रकारको व्यवहार गर्न लगाउनुपर्छ ।

८.७ न्यायिक काम कारबाहीमा आवश्यक पर्ने मिहिनेत, लगनशीलता तथा सक्षमता अभिवृद्धिसँग मेल नखाने अन्य कुनै आचरण वा व्यवहार न्यायाधीशले गर्न हुँदैन ।

९. खारेजी र बचाउ

९.१ न्यायाधीशको आचारसंहिता, २०५५ खारेज गरिएको छ ।

९.२. यो आचारसंहितामा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानूनसंग बाझिएमा सो बाझिएको हदसम्म प्रचलित नेपाल कानूनमा लेखिएको कुरा नै मान्य हुनेछ ।

**२०६५ साल चैत्र मसान्तसम्म मुद्दाको लगत फछ्र्योट विवरण**

| क्र.सं | बिषयगत मुद्दा | लगत | | | फछ्र्यौट संख्या | बांकी |
|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी सरेको | यस वर्ष परेको | जम्मा | | |
| 1= | देवानी पुनरावेदन | ४४९६ | ६१९ | ५११५ | १०२६ | ४०८९ |
| 2= | फौजदारी पुनरावेदन | २६५३ | ५३८ | ३१९१ | ६२० | २५७१ |
| 3= | देवानी पूर्ण ईजलास | ५० | २७ | ७७ | ६ | ७१ |
| 4= | फौजदारी पूर्ण ईजलास | ४५ | १३ | ५८ | २२ | ३६ |
| 5= | वन्दीप्रत्यक्षीकरण | ८ | ५२ | ६० | ५८ | २ |
| 6= | साधारण रिट | २६९९ | ६५१ | ३३५० | ७०७ | २६४३ |
| 7= | पूर्ण रिट | ११ | १० | २१ | १३ | ८ |
| 8= | विशेष रिट | ६९ | २६ | ९५ | २५ | ७० |
| 9= | साधक | १४९ | ५९ | २०८ | १०९ | ९९ |
| 10= | दोहोर्‍याई पाउं देवानी | १४०२ | ६५८ | २०६० | ७३९ | १३२१ |
| 11= | दोहोर्‍याई पाउं फौजदारी | ५०५ | ३०२ | ८०७ | ३९७ | ४१० |
| 12= | पुनरावलोकनको निवेदन | ७५० | ३६९ | १११९ | ७८५ | ३३४ |
| 13= | पुनराबेदनको अनुमति निवेदन | ५२ | १२३ | १७५ | ६९ | १०६ |
| 14= | बिबिध | ६७ | १५ | ८२ | १३ | ६९ |
| 15= | निवेदन | ९ | १६७ | १७६ | ११८ | ५८ |
| 16= | प्रतिवेदन | १९ | ११२ | १३१ | ९९ | ३२ |
| 17= | अवहेलना | ६ | ७ | १३ | ३ | १० |
| 18= | संक्षिप्त | १ | १ | २ | ० | २ |
| 19= | फुटकर | ० | ० | ० | ० | ० |
| | **जम्मा** | १२९९१ | ३७४९ | | ४८०९ | ११९३१ |

वर्ष १७, अंक २४, चैत्र १६ देखि ३१, २०६५, पूर्णाङ्क ४०२

१. पूर्ण इजलास
माननीय न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा
माननीय न्यायाधीश श्री गौरी ढकाल
रिट नं. ०६४-WF-००१५
आदेश मितिः २०६५।७।२१।५

बिषयः- उत्प्रेषण समेत ।

निवेदकः भिमकुमार वान्तवा
विरुद्ध
विपक्षीः नेपाल सरकार, रक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं समेत

सैनिक अभिलेखालयबाट भैरहेको प्रक्रियागत काम कारवाहीलाई वीचैमा हस्तक्षेप गर्ने कार्य रिट क्षेत्राधिकारबाट हुन नसक्ने ।

प्रतिषेधको आदेश कुनै न्यायिक वा अर्धन्यायिक निकायले अधिकारक्षेत्रविहीन कार्य गरेको, प्राकृतिक न्यायको सिद्धान्तको अनुशरण नगरेको, व्यक्तिका स्पष्ट कानूनी एवं मौलिक हकको प्रतिकूल गई कार्य गरेको जस्ता कार्यलाई रोक्नका लागि जारी गरिने ।

सैनिक अभिलेखालयबाट प्रारम्भ भएको प्रक्रियागत काम कारवाहीले निवेदकको कानूनी वा संवैधानिक हक हनन भएको अवस्था नरहेको र निर्णय हुन बाँकि नै रहेको अवस्थालाई निष्कर्ष भैसकेको अवस्था सरह मानी रिटक्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।

---

२. पूर्ण इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा
माननीय न्यायाधीश श्री गौरी ढकाल
दे.पु.ई.नं.-०६३-DF-००११
आदेश मितिः २०६५।८।१९।५

मुद्दा :- लिखत दर्ता वदर दर्ता ।

पुनरावेदक/वादीः शेष मरगुवको हकमा र आफ्नो हकमा समेत अवदा खातुन
विरुद्ध
प्रत्यर्थी/प्रतिवादीः शेष रउफ समेत

लिखतले नै रिझ वापत विवादका जग्गाहरू वकसपत्र गरी दिएको भन्ने स्पष्ट गरेको अवस्थामा घर व्यवहार चलाउन विक्री व्यवहार गरेको भनी लिएको दावी प्रतितलायक देखिँदैन ।

मुलुकी ऐन, अंशवण्डाको १९(१) नं. को कानूनी व्यवस्थालाई हेर्दा व्यवहार चलाउने मुख्य व्यक्तिलाई अभिभावकको नाताले आश्रित व्यक्तिहरूको तुलनामा केही बढी अधिकार र जिम्मेवारी प्रदान गरेको स्पष्ट नै छ, तर त्यस्तो अधिकार र जिम्मेवारीलाई निरपेक्ष रुपमा नभै व्यवहार चलाउनु पर्ने कर्तव्य पालनासँग सापेक्ष तुल्याइएको देखिन्छ ।

यस्तै विवादको विषयवस्तु समावेश भएको केशवप्रसाद नेपाल विरुद्ध निलकण्ठ नेपाल समेत भएको वकसपत्र वदर मुद्दा (ने.का.प. २०४८, अंक ११, नि.नं. ४४२२, पृ. ७८१) मा वादीहरूको उमेर १७ वर्ष, ७ वर्ष र

५ वर्ष लेखिएको देखिँदा मुलुकी ऐन, अंशवण्डाको महलको १९(१) नं. अनुसार निजहरूको मन्जुरी लिन पर्ने अवस्था नदेखिने भनी ठहर गरेको यस अदालत संयुक्त इजलासबाट मिति २०६३।३।११ मा भएको रुलिङ overrule हुने ।

---

३. संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री केदारप्रसाद गिरी
माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ
संवत् २०६४ सालको दे.पु.नं.-CI - ०१०७
फैसला मितिः २०६५।८।२५।४

मूद्दा :- निषेधाज्ञा ।

पुनरावेदक/प्रत्यर्थीः राजेश श्रेष्ठ
विरुद्ध
प्रत्यर्थी/निवेदकः सीतादेवी साह

कुनै पक्षले करारको शर्त उल्लंघन गरेमा मर्का पर्ने पक्ष करार बमोजिमको दायित्व पुरा गराइ पाउनको लागि अदालत प्रवेश गर्नुपर्ने ।

व्यक्ति सरह लेनदेनको कारोवार गर्न बैना दिएकोमा सो बमोजिमको कार्य सम्पन्न हुन नसकेको अवस्थामा बैना रकम फिर्ता गराउनको लागि प्रचलित कानूनी उपचारको मार्ग नै समात्नु पर्ने ।

लेनदेन कारोवारमा सहकारी संस्थाको हैसियत पनि कानूनी व्यक्ति सरह मात्र हुने हुँदा कानूनी प्रकृया बिना सिधै अर्को पक्षको जग्गा रोक्का राख्न लेखिपठाउने अधिकार सहकारी ऐन, २०४८ को दफा ३९ ले सहकारी संस्थालाई प्रदान गरेको नदेखिने ।

कर्जा कारोवारको शर्त उल्लंघन गरेको अवस्थामा सुरक्षण दिएको धितो रोक्का राख्ने प्रयोजन सम्मको लागि मात्र प्रयोग हुन सक्ने ।

सहकारी संस्थाले कानूनी आधार वेगर गैरकानूनी रुपमा निवेदिकाको जग्गा रोक्का राख्न पठाएको र सोही गैह्रकानूनी पत्रका आधारमा मालपोत कार्यालयले जग्गा रोक्का राखेको भनी रोक्का फुकुवा गरीदिनु भनी परमादेशको आदेश जारी हुने ।

---

४. संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
रिट नं. ०६४–WO-०२३०
आदेश मितिः २०६५।२।२२।४

मुद्दाः परमादेश ।

निवेदकः जनहित संरक्षण मञ्च (प्रो. पब्लिक) का तर्फबाट आफ्नो हकमा समेत अधिवक्ता प्रकाशमणी शर्मा समेत
विरुद्ध
विपक्षीः नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत

प्रस्तुत निवेदनमा महिलाको प्रजनन् स्वास्थ्यको हकको प्रचलन र स्वास्थ्य सम्बन्धी समस्याको निदानको प्रश्न उठाइएको छ ।

प्रजनन् स्वास्थ्य शारिरीक रुपले महिलाको प्रत्यक्ष सरोकारको विषय हो र सामाजिक आर्थिक र कानूनी सबै दृष्टिले पनि जसरी यो समस्याको समाधानको लागि साझा मानवताको मुद्दाको रुपमा समग्र समाजले जसरी दायित्व निर्वाह गर्नुपर्ने थियो, त्यो हुन सकेको छैन ।

नेपाली समाजमा विद्यमान पाठेघर खस्ने समस्याको विशेष रुपले सम्बोधन गर्न आवश्यकतानुसार विपक्षीहरू महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा जनसंख्या एवं स्वास्थ्य मन्त्रालय समेतले विशेष कार्य योजना बनाई पीडित महिलाहरूलाई निःशुल्क परामर्श, उपचार, स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध हुनसक्ने गरी यथाशीघ्र विभिन्न स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी स्तरमा सेवा पुऱ्याउन जो चाहिने व्यवस्था गर्नु र महिलाको प्रजनन् स्वास्थ्यको हक एवं पाठेघर सम्बन्धी समस्याको निराकरणको सम्बन्धमा जनचेतना जगाउने प्रभावकारी कार्यक्रमहरू संचालन गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश समेत जारी हुने ।

---

५. संयुक्त इजलास
माननीय न्यायाधीश वलराम के.सी.
माननीय न्यायाधीश राजेन्द्रप्रसाद कोइराला
सम्बत् २०६४ सालको रिट न 064-WH-००३२
आदेश मितिः २०६५।७।१७।१

विषय : वन्दीप्रत्यक्षीकरण

निवेदकः राधाकृष्ण खड्का
विरुद्ध
प्रत्यर्थीः नेपाल सरकार, रक्षा मन्त्रालय, सिहदरवार काठमाडौं समेत

सैनिक ऐन अन्तरगतको काम कारवाहीमा यस अदालतले अ.वं. १७ नं. को Correctional jurisdiction ग्रहण गर्न सक्तैन भन्नेमा विवाद हुदैन । तर अधिकार नभएको अधिकारीको आदेशले थुनामा राखिएको वा थुनामा राख्ने कानूनी व्यवस्था नभएकोमा पनि थुनामा राखेको वा कानूनले थुनामा राख्नसक्ने अवधिभन्दा वढी अवधि थुनामा राखेको अवस्थामा वन्दीप्रत्यक्षीकरणको निवेदनबाट यस अदालतले उचित उपचार प्रदान गर्नसक्छ । तर यस निवेदनमा त्यस्तो अवस्था नदेखिएकोले रिट जारी गर्न परेन ।

वन्दीप्रत्यक्षीकरणको उपचार सैनिक ऐन लागू हुने व्यक्तिलाई पनि उक्त तीन अवस्थामा प्राप्त हुने उपचार हो ।

पुनरावेदन भन्ने शव्द नपरे पनि दफा १५०(२) मा सैनिक अदालतको आदेश विरुद्ध उपाय भन्ने शिर्षकमा सैनिक अदालतको फैसलामा चित्त नवुझ्नेले नेपाल सरकारका प्रधानसेनापती वा सदर गर्ने अधिकारी आदि समक्ष सजाय गरेको विरोधमा निवेदन गर्नसक्ने छ भनी पुनरावेदन सुन्ने व्यवस्था भएको देखिन्छ । "सैनिक अदालतको आदेश विरुद्धको उपाय" भन्ने शब्दावली त्यतिवेलाको सैनिकको वोलिचालीको भाषा हुनसक्छ र विधायिकाले पनि त्यही शब्द चयन गरेको देखिन्छ । यसरी शब्दावली जे भए पनि सो व्यवस्था पुनरावेदन तहबाट

तल्लो तहको आदेश वा फैसला जाँच्ने व्यवस्था हो ।

मुद्दा हेर्ने अधिकारीको निष्पक्षता, स्वतन्त्रता (fairness) र शुरु तहले गरेको सजायमा चित्त न वुझे एक तह पुनरावेदन गरी तल्लो तहले गरेको सजाय जचाँउन पाउने व्यवस्था Civil court वा सैनिक अदालत दुवै अदालतको Common व्यवस्था हो ।

समरी जनरल सैनिक अदालतको गठन र वैद्यता तथा अधिकारक्षेत्रको वारेमा पनि विवाद भएन । निवेदकले आफ्नो जिम्माको हतियार हराएको तथ्यमा पनि विवाद भएन । वन्दी प्रत्यक्षीकरणको आदेश गैरकानूनी र कानून विपरीतको थुनामा जारी हुने आदेश हो । वन्दीप्रत्यक्षीकरणको निवेदनमा यस अदालतले फैसला सच्याउने वा कानूनबमोजिम तोकिएको अधिकारीले कानूनले दिएको तजविजी अधिकार प्रयोग गरी गरेको ठहर फैसलामा हस्तक्षेप गर्न मिल्दैन । वन्दीप्रत्यक्षीकरणको निवेदनबाट सजाय घटाउने वढाउने आदेश पनि गर्न मिल्दैन । यस अदालतको असाधारण अधिकार क्षेत्रबाट वन्दीप्रत्यक्षीकरणको निवेदनमा सजायको मात्रा कम भयो वा वढी भयो भनी Quantum of punishment हेरिदैन । वन्दीप्रत्यक्षीकरणको निवेदनमा थुना कानूनी वा गैरकानूनी के हो सोमात्र हेरिन्छ । यदि थुना कानूनविपरीत रहेछ भने वन्दीलाई थुनाबाट मुक्त गर्ने आदेश गरिन्छ तर सजाय घटाउने आदेश गरिदैन ।

सैनिक ऐन लागू हुने व्यक्तिका कतिपय Civil liberties सैनिक सेवामा रहुन्जेल निलम्वन (Suspension ) मा रहन्छन भन्ने कुरा पनि यस अदालतलाई जानकारी छ । यो मान्य प्रचलनसमेत हो । यतिसम्मकि व्यारेकमा सैनिक ऐन लागू हुने महिला र पुरुषबीच आपसी सहमती र मन्जुरीबाट भएको करणी पनि अपराध भनी वाह्य देशमा कोर्ट मार्शल गरिएको घटना यस अदालतलाई जानकारी छ तर सैनिक ऐन लागू हुने व्यक्ति कडा अनुसाशनमा वस्नु पर्छ, सैनिक ऐन भिन्न र वेग्लै खालको कानून हो भन्दैमा एक तह पुनरावेदन गर्ने अधिकार, सजाय गर्ने अधिकारीको निष्पक्षता र निष्पक्ष सुनुवाई (fair trial) जस्ता मानव अधिकारका न्यूनतम अधिकारबाट कसरी वंचित गर्न सकिन्छ ? सैनिक ऐन लागू हुने व्यक्ति जसले राजनीतिबाट मुक्त रही देशको सीमाको सुरक्षा गर्दछ ,जसले देशमा संकटकाल लागू हुँदा वा द्वन्द्वका समयमा आफ्नो ज्यानको परवाह नगरी लड्दछ यस्तो अरुको लागि लड्ने सैनिकको आफ्नै मानव अधिकार कसरी हनन हुनसक्छ ? तर यस्तो महत्वपूर्ण जिम्मा र भूमिका भएको सैनिक ऐन लागू हुने व्यक्ति र सैनिक संगठन राजनीतिक प्रभावबाट मुक्त रहनु पर्छ र अनुशासनहीन, छाडा र उच्छृंखल हुन सक्तैन । सैनिक संगठनको अनुशासन भिन्न खालको अनुशासन हो ।

न्याय पाउने अधिकार (Access to justice) मानिसको महत्वपूर्ण मौलिक हक हो । यो हक वैयक्तिक स्वतन्त्रतता र Right to life कै एक भाग हो । सैनिक ऐन लागू हुने व्यक्तिले पनि आफूलाई लागू हुने सैनिक ऐनभित्रको सैनिक ऐनबमोजिमको निष्पक्ष न्याय पाउनु पर्छ । सैनिक ऐन लागू हुने

व्यक्तिलाई सैनिक ऐनले दिएको अधिकारबाट बञ्चित गर्न मिल्दैन । सैनिक ऐनअन्तरगतको अधिकार प्रयोग गर्ने अधिकारीहरु खासगरी सैनिक अदालतको न्यायाधीशको अधिकार प्रयोग गर्ने अधिकारीहरु सैनिक ऐन अन्तरगतका अदालती कारवाई र Fair trial सम्बन्धी व्यवस्था र मान्य सिद्धान्तसंग परिचित रहनुपर्छ । सैनिक ऐनबमोजिम सैनिक अदालतको मुद्दा हेर्ने अधिकारीको अनभिज्ञताबाट सैनिक ऐनअन्तरगत कारवाई भएकाहरुको सैनिक ऐनले दिएको अधिकार प्रयोग गर्नबाट रोक्न मिल्दैन ।

सैनिक ऐन, २०१६ को दफा १५० बमोजिम पुनरावेदन सरहको निवेदन गरी दफा १५०(२) बमोजिमको अधिकारीबाट तल्लो तहको फैसला जाँची पाउने उनीहरुको अधिकार भएकोले शुरु तहको सैनिक अदालतको ठहर सजाय उपर पुनरवेदनसरहको निवेदन लाग्ने कुराको जानकारी सजाय पाउनेलाई गराउनु पर्छ । तसर्थ सैनिक ऐन, २०१६ बमोजिम सैनिक अदालतबाट सजाय भएकाहरुमध्ये सजाय भोगिसकेका वाहेक हाल सजाय भोगिरहेकाहरु जसलाई ठहर सजायको जानकारी दिइएको छैन तिनलाई सैनिक ऐन, २०१६ को दफा १५० बमोजिम पुनरावेदनसरहको निवेदन लाग्नसक्ने कुराको जनाउ दिई शुरुको ठहर सजायमा चित्त नबुझे ३५ दिनभित्र निवेदन गनर्सक्ने कुराको जनाउ दिनु र जनाउ दिएको मितिले ३५ दिनभित्र निजहरुको पुनरावेदनसरहको निवेदन परे पुरानै सैनिक ऐन, २०१६ को दफा १५०(२) मा तोकिएको अधिकारीबाटै शुरु तहको सैनिक अदालतको ठहर सजाय मिले नमिलेको जाँची निर्णय गर्नु भनी परमादेश जारी गरिदिएको छ र पुनरावेदनसरहको निवेदन परे त्यस्तो निवेदनउपरको सैनिक ऐन, २०१६ को दफा १५०(२) बमोजिम तोकिएको अधिकारीबाट भएका ती निर्णयहरु वर्तमान संविधान लागू हुनुभन्दा अगाडिको मुद्दा भएकाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (क) अनुसार अन्तिम हुनेछ । प्रस्तुत रिट निवेदनमा मागबमोजिम वन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन ।

---

६. संयुक्त इजलास
माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाह
माननीय न्यायाधीश श्री अबधेशकुमार यादव
सम्वत २०६४ सालको स. फौ. पु. नं.०१२४
फैसला मितिः २०६५।१०।२२।४

मुद्दा :- कर्तब्य ज्यान ।

पुनरावेदक/प्रतिवादीः सुदर्शन अर्याल
बिरुद्ध
प्रत्यर्थी/वादीः केशवराज आचार्यको जाहेरीले नेपाल सरकार

अदालत समक्ष प्रतिवादीको कसूरमा भएको सावितीलाई अदालतले प्रत्यक्ष प्रमाणको रुपमा लिनुपर्ने ।

सामान्य अवस्थामा पूर्व रिसइविको कारणबाट भएको हत्यालाई Cold Blood Murder भन्नुपर्ने ।

सजायबाट कमी, छुट वा पूर्ण उन्मुक्तिका लागि लिइएको जिकिर निश्चित र आधारभूत प्रमाणबाट स्थापित पनि गर्नुपर्ने ।

काम गर्दाको समयमा मानसिक रुपमा असन्तुलित भई गरेको र कामको प्रकृति र परिणाम थाहा नपाउने अवस्थामा थियो भन्ने कुरा प्रमाणित गर्ने भार पनि प्रमाण ऐन, २०३१ को दफा २८ अनुसार सो कुराको जिकिर गर्ने पक्षमा नै रहन्छ । साथै यस्तो जिकिरको आधारमा सजायवाट उन्मुक्ति पाउनको लागी घटना हुनुभन्दा अघिको अभियुक्तको मानसिक अवस्था, पूर्व आचरण र व्यवहार, असामान्य क्रियाकलाप, रोगवारे निदान र उपचार गराएको भए सो को तथ्यपूर्ण आधार र प्रमाण तथा घटना पश्चात निजको व्यवहार र आचरण, तत्सम्बन्धमा मानसिक रोग विशेषज्ञले निजको मानसिक अवस्थावारे पर्याप्त जाँच र अनुसन्धान गरी दिएका तथ्यपूर्ण एवं वैज्ञानिक कारणसहितको प्रतिवेदन समेतलाई विचार गर्नुपर्ने ।

वारदात हुनुभन्दा अघिबाट नै यी प्रतिवादीले उक्त रोगको उपचार गराइरहेको कुनै स्वीकृत डाक्टरवाट अस्पतालको प्रेस्क्रिप्शन पेश गरेको भए वारदातपछि डाक्टरले २०६२।११।१५ मा गरीदिएको सो रोगको संपुष्टि (Substantiate) हुनसक्ने हुन्थ्यो । तर सो नभइ २०६२।१।२ मा भएको वारदातको निकैपछि २०६२।११।१५ मा भएको जाँच प्रतिवेदनबाट वारदात हुँदाको समयमा पनि निज मानसिक असन्तुलनको अवस्थामा थिए भनी भन्न नमिल्ने र त्यस्तो कुरा प्रमाणित गर्न सो प्रतिवेदनलाई आधार लिन मिल्ने हुँदैन ।

सुनियोजित हत्या भएको अबस्थामा दाजुको हत्या गर्ने व्यक्ति मृतकको भाई भएकै कारण सजायमा कमी हुन सक्ने अबस्था हुँदैन ।

अपराध गर्दाको अबस्थालाई विचार गरी सजाय घटाउन लिइने आधारहरुका सम्बन्धमा यस अदालतवाट पुनरावेदक शान्ति वि.क. विरुद्ध नेपाल सरकार (ने.का.प. २०६१, नि.नं. ७३९९, पृष्ठ ७६९) भएको कर्तब्य ज्यान मुद्दामा विभिन्न अबस्था र स्थितिलाई विचार गर्नुपर्ने भनी अ.वं. १८८ नं प्रयोग हुने आधारहरु निर्धारण गरिएको पाईन्छ ।

मनासीब, युक्तिसंगत र वस्तुनिष्ठ कारण र आधारविना आफ्नो स्वविवेकीय अधिकार प्रयोग गरी सजाय घटाएको र सो घटी सजाय गर्न व्यक्त राय उपर्युक्त नि.नं. ७३९९ को मुद्दामा निर्धारण भएको आधारहरुसँग मेल खाने समेत देखिन नआएकोले अ.बं. १८८ नं. वमोजिम प्रतिवादीलाई ५ बर्ष मात्र कैद सजाय गर्ने गरेको जिल्ला अदालत तथा पुनरावेदन अदालत समेतको राय मनासिव नदेखिंदा सो राय सदर कायम रहन नसक्ने ।

---

७. संयुक्त इजलास
माननीय न्यायाधीश श्री मोहनप्रकाश सिटौला
माननीय न्यायाधीश श्री शुसिला कार्की
२०६० - CR - ०२५५
फैसला मितिः २०६५।१०।२९।४

मुद्दाः जबरजस्ती करणी ।

पुनरावेदक प्रतिवादीः गोकर्ण खनाल
विरुद्ध
प्रत्यर्थी वादीः नेपाल सरकार

मौकामा अधिकार प्राप्त अधिकारीका समक्ष वारदातको क्रमवद्ध रुपमा उल्लेख गरी आरोपित कसूरमा सावित रही बयान गरेको देखिन्छ । जसलाई स्वेच्छाको होइन भनी निजले जिकिर लिएको भएपनि त्यसलाई अन्य स्वतन्त्र प्रमाणबाट प्रमाणित गराउन सकेको पाइदैन । अतः उक्त साविति बयान प्रमाण ऐन, २०३१ को दफा ९(२) (क) ले निजका विरुद्ध प्रमाण ग्राह्य हुन्छ ।

अस्वाभाविक व्यवहार (Abnormal Behaviour) ले स्वभाविक व्यवहार (Normal Behaviour) भन्दा फरक Behaviour लाई जनाउने भएपनि अस्वाभाविक र अशक्त शब्दको अर्थ एउटै देखिदैन ।

आफ्ना कुराहरु प्रस्टसंग राख्न सक्ने, हिडडुल गर्न सक्ने, घर छोडेर हिडेकी भनिएकी यी पीडित अशक्त नै भएको अन्य कुनै स्वतन्त्र प्रमाणबाट पुष्टी हुन नसकेको स्थितिमा स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले abnormal behaviour लेखिदिएकै भरमा अशक्त भनी मान्न नसकिने ।

एक नाबालिका केटीले जबरजस्ती करणीको वारदात पश्चात् Abnormal Behaviour गर्नु स्वाभाविक नै हुन आउँछ । तर जबरजस्ती करणीको वारदात पूर्व निजको स्थिति अशक्त थियो भन्ने कुरा वस्तुपरक प्रमाणबाट पुष्टि हुनुपर्छ । अतः ठोस प्रमाणको अभाव रहेको यस्तो स्थितिमा पुरावेदक प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३ क नं. बमोजिम थप सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसला सदर कायम हुन सक्ने देखिएन ।

मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. ले परिभाषित गरे अनुसारको कसूर गरेको देखिंदा ऐ. महलको ३ (२) नं. बमोजिम प्रतिवादीलाई ७ वर्ष कैद हुने ठहराएको पुनरावेदन अदालत पाटनको फैसला त्यस हदसम्म मिलेकै देखिंदा सदर हुने ठहर्छ । पीडित अशक्त रहे भएको स्वतन्त्र प्रमाणबाट पुष्टी हुन नसकेको अवस्थामा प्रतिवादीलाई जबरजस्ती करणीको महल ३ क नं. अनुसार थप ५ वर्ष कैद सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म नमिलेको हुंदा केही उल्टी भै थप सजाय तर्फको अभियोग माग दावी पुग्न नसक्ने ।